# गौर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
गौर,रौतहट
मधेश प्रदेश, नेपाल
(सूचना प्रकाशित मिति २०८३/०४/१५ गते)

**आन्तरिक आय संकलन (ठेक्का बन्दोवस्त) सम्बन्धी प्रथम पटकको सूचना।**

स्थानीय सरकार संचालन ऐन, २०७४ तथा गौर नगरपालिकाबाट पारित आर्थिक ऐन, २०८३ अनुसार यस नगरपालिकाले विगतका बर्षहरुमा आन्तरिक आय संकलनको लागि ठेक्का लगाउदै आए अनुसार यस कार्यालयको स्वामित्वमा रहेको तपसिलका आय शिर्षकमा राजश्व संकलन गर्न आ.व.२०८३/०८४ को ठेक्का बन्दोवस्त हुने अवधि देखि मिति २०८४ आषाढ मसान्त सम्मको लागि बढाबढको माध्यमद्वारा ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले प्रथम पटक सूचना प्रकाशित भएको मितिले (७) सात दिनभित्र तपसिलका शर्तहरुको अधिनमा रहने गरी इच्छुक व्यक्ति,फर्म वा कम्पनीहरुले तोकिएको अवधि भित्र रीतपूर्वक सिलबन्दी बोलपत्र पेश गर्न हुन यो सार्वजनिक सुचना प्रकाशित गरिएको छ।

१. बोलपत्र बिकी हुने अन्तिम मिति २०८३/०४/२१ गते कार्यालय खुल्ने समय सम्म।
२. बोलपत्र फाराम दस्तुर रु.१,०००।- (एक हजार मात्र) फिर्ता नहुने गरी कार्यालयमा दाखिला गर्नु पर्नेछ।
३. बोलपत्र दर्ता हुने अन्तिम मिति २०८३/०४/२२ गते दिनको १२:०० बजे सम्म हुनेछ, र सोही दिन १:०० बजे दर्ता हुन आएका बोलपत्रहरु यस कार्यालयमा खोलिनेछ।
४. बोलपत्र फाराम खरिद गर्न इच्छुक फर्म वा कम्पनीको ईजाजत प्रमाण पत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि र आ.वा.२०८१/०८२ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ। व्यक्ति भए नागरिकता प्रमाण पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ।
५. बोलपत्रदाताले कबुल गर्ने बार्षिक ठेक्का रकम (ठेक्का लाग्ने अवधि देखि २०८४ आषाढ सम्म ) को लागि हुन आउने रकम बराबरको ५% ले हुने रकम धरौटी वापत यस कार्यालयको रा.वा.बैक शाखा गौरमा रहेको खाता नं.१२१०१००३०३००००५ मा जम्मा गरेको सक्कल बैक भौचर सिलबन्दी बोलपत्र साथ पेश गर्नु पर्नेछ।
६. बोलपत्रदाताले सकार गर्ने बार्षिक ठेक्का रकम (ठेक्का लाग्ने अवधि देखि २०८४ आषाढ मसान्त सम्म) को लागि हुन आउने रकम एकमुष्ठ बुझाए १०% ले हुने रकम छुट दिईनेछ। एकमुष्ठ बुझाउन नसक्ने भएमा मासिक रुपले बुझाउन सकिनेछ, तर मासिक रुपले रकम बुझाउदा छुट दिईने छैन। महिना व्यतित भई रकम बुझाउन आए १०% जरिवाना लाग्नेछ।
कबुल गरेको मासिक ठेक्का रकम मध्ये (१) एक महिनाको रकम ठेक्का सम्झौता हुनु भन्दा पहिला अग्रिम रुपमा यस कार्यालयको राजश्व खातामा दाखिला गर्नुपर्नेछ।
७. बार्षिक ठेक्का रकम एकमुष्ठ बुझाउन नसक्ने भएमा मासिक रुपले यस कार्यालयलाई बुझाउनु पर्नेछ, तर लगातार (३) तिन महिना सम्म ठेक्का रकम नबुझाएमा कार्यालयले कुनै पनि समयमा ठेक्का सम्झौता तोडन सक्नेछ।
८. धरौटी रकम ठेक्का रकममा मिन्हा हुने छैन्। ठेक्का अवधि समाप्त भए पश्चात धरौटी रकम फिर्ता गरिनेछ।
९. सार्वजनिक शौचालय (सटरकोठा) समेतको बिधुत महशुल तथा खानेपानी महशुल ठेकेदार स्वयंमले बुझाउनु पर्नेछ।
१०. सार्वजनिक शौचालयको सरसफाईको जिम्मा ठेकेदारको हुनेछ।
११. सानोतिनो टुटफुट भएको मर्मत गर्नुपरेमा ठेकेदार स्वयंमले गर्नुपर्नेछ, तर ठुलो मर्मत गर्नुपर्ने भए नगरपालिकाले गर्नेछ।
१२. नगरपालिकाको बिना अनुमति ठेकेदारले कुनै पनि थप भौतिक संरचना निर्माण गर्न पाउने छैन्।
१३. नगरपालिकाको कुनै प्रकारको बाँकी वक्यौता रहेको व्यक्ति, फर्म वा कम्पनीहरुले बोलपत्रमा भाग लिन पाउने छैन्।
१४. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ।
१५. सिलबन्दी खाम माथि बोलपत्रदाताको नाम, ठेगाना, ठेक्काको शिर्षक प्रष्ट रुपमा खुलेको हुनु पर्दछ।
१६. बोलपत्र फारम बिकी तथा दर्ताको अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा विदा पछि कार्यालय खुलेको दिन अन्तिम दिन कायम हुनेछ।
१७. बोलपत्र, बोलपत्रदाता वा निजको अधिकृत प्रतिनिधिको रोहवरमा खोलिनेछ तर निजहरु उपस्थित नभएमा बोलपत्र खोल्न वाधा पुग्ने छैन।
१८. यसमा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ।

**तपशिल**

| ठेक्का नं. | ठेक्काको नाम | आय शिर्षक | न्यूनतम ठेक्का रकम (मासिक) | कैफियत |
|---|---|---|---|---|
| १/राजश्व/२०८३/०८४ | भूमि प्रशासन कार्यालय गौर नजिकको सार्वजनिक शौचालय (सटर कोठा समेत) ठेक्का बन्दोवस्त | सरकारी सम्पतिको बहालबाट आय | ७,०००/- | |

२०८३।०४।१५
विष्णु प्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत
उपसचिव